**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# उच्च तहमा साहित्यशास्त्र शिक्षणका विधिको उपयोग

**नारायणप्रसाद पन्थ, पि.एचडी.**

उपप्राध्यापक

बुटवल बहुमुखी क्याम्पस, त्रि. वि.

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Dr. Narayan Prasad Pant, panthanarayan25@gmail.com
Orcid: https://orcid.org/0009-0006-0535-1151
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80144

**लेखसार**

सृजनात्मक कृति कला हो । कृतिको शिल्प, तत्त्व र प्रयोजनको विवेचना गर्ने ग्रन्थ कलाशास्त्र हो । त्यसैले काव्य वा साहित्य कला हो र त्यसको सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृतिलाई साहित्यशास्त्र भनिन्छ । प्रस्तुत लेखको उद्देश्य उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी विश्लेषण गर्नु रहेको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा रुपन्देही जिल्लाका पाँचओटा क्याम्पसमा नेपाली अध्यापन गर्ने दशजना शिक्षकहरूलाई सहभागीका रूपमा लिइएको छ । यसका निम्ति निर्दिष्ट शिक्षकसँग अन्तरवार्ताद्वारा तथ्य सङ्कलन गरिएको छ । यस कार्यका लागि द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय कार्यबाट सैद्धान्तिक सामग्री सङ्कलन गरी उक्त तथ्यहरूको विश्लेषण गरिएको छ । शिक्षकले बताएअनुसार साहित्यशास्त्र शिक्षणलाई भाषाशिक्षण तथा साहित्यशास्त्र सम्बद्ध विषयवस्तुको सिकाइसँग जोड्नु आवश्यक छ । विद्यार्थीका शैक्षिक तथा मनोवैज्ञानिक स्तरअनुसार समयसापेक्ष हुने गरी विषयवस्तु छनोट र स्तरण गर्नुपर्दछ । यस अध्ययनमा कक्षाको परिस्थिति, साहित्यशास्त्र सम्बद्ध विषयवस्तुको गहनता तथा विद्यार्थीका स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि अँगाल्न सकिने शिक्षकका अनुभव रहेको निचोड निकालिएको छ । त्यसैले यो अध्ययन शिक्षक, विद्यार्थी, साहित्यप्रेमी तथा पाठकवर्गलाई उपयोगी हुने अपेक्षा गरिएको छ ।

**मुख्य शब्दावली :** आलोचनात्मक दृष्टिकोण, कलापक्ष, समालोचना प्रणाली, समीक्षणात्मक कृति ।

## अध्ययनको पृष्ठभूमि

साहित्यशास्त्रले साहित्यिक कृतिको सूक्ष्म अध्ययन एवम् विश्लेषण गर्दछ । यसको मुख्य उद्देश्य विद्यार्थीमा साहित्यको विवेचनाका लागि सुझ तथा अन्तर्दृष्टि पैदा गरी साहित्य लेखनका लागि आवश्यक कलापक्षको बोध गराउनु हो । साहित्यका सिद्धान्तहरूको अध्ययन गर्ने शास्त्रलाई साहित्यशास्त्र भनिन्छ । सृजनात्मक कृति कला हो । त्यस्तो कृतिको शिल्प, तत्त्व र प्रयोजनको विवेचना गर्ने ग्रन्थ कलाशास्त्र हो । काव्य वा साहित्य कला हो र त्यसको सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृति साहित्यशास्त्र हो । यसको जन्म सृजनशील प्रतिभाबाट र आस्वादनशील प्रतिभाबाट हुन्छ । पूर्वीय साहित्यमा *काव्य* भन्नेको साहित्य भनेर बुझिने बृहत् अर्थमा *काव्य* शब्दको प्रयोग गरिन्छ । यसको प्रयोजन सिर्जनात्मक तथा साहित्यिक लेखनकै परिभाषा, कारक वा हेतु र उद्देश्य रहेको हुन्छ ।

*साहित्य* शब्द *काव्य* शब्दभन्दा पछि व्यवहारमा आएको भए पनि यसले समग्र वाङ्मय जगत्सँग सम्बन्धित भाषिक लेख रचना र रागात्मक पक्षसँग सम्बन्धित विशिष्ट लेख रचनाहरूलाई समेट्न सक्ने स्थितिमा रहेको देखिन्छ ( भण्डारी र पौडेल, २०६९, पृ.२) । यसबाट रचनालाई विश्लेषणात्मक ढङ्गले हेर्ने, मनन गर्ने र गुण दोष पत्ता लगाउने आधार प्राप्त गर्न सकिन्छ । साहित्यिक कृतिलाई स्थापित सिद्धान्तका आधारमा मिले नमिलेको हेर्ने आधार प्राप्त हुन्छ ।

काव्य वा साहित्य कला हो र त्यसको सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृति साहित्यशास्त्र हो । एउटाको जन्म कारयित्री (उत्पादनशील वा सृजनशील) प्रतिभाबाट हुन्छ र अर्काको जन्म भावयित्री (आस्वादनशील वा उपभोगशील) प्रतिभाबाट ( उपाध्याय २०६७, पृ. ३) हुन्छ । पूर्वीय साहित्यमा 'काव्य' भन्नाले साहित्य भनेर बुझिने बृहत् अर्थमा 'काव्य' शब्दको प्रयोग भएको पाइन्छ । यसको प्रयोजन सिर्जनात्मक तथा साहित्यिक लेखनकै परिभाषा, कारक वा हेतु र उद्देश्य हो । यसमा देखिने काव्य दोष, छन्दजस्ता विभिन्न काव्य-तत्त्व अनि अलङ्कार, रीति, वक्रोक्ति र औचित्य-सिद्धान्तहरूको प्रतिपादनले काव्यका अनेक पक्षीय सूक्ष्म विश्लेषण प्रस्तुत गरेका छन् । मुख्यतः काव्य-लक्षणमा काव्यको अनेक कोणबाट चिनारी प्रस्तुत गरिएको छ । काव्य-हेतुमा प्रतिभा, व्युत्पत्ति र अभ्यासको चर्चा गर्दै उत्कृष्ट काव्य सृजनाका लागि प्रतिभाको आवश्यकता देखाइएको छ भने व्युत्पत्ति सामर्थ्यले बौद्धिक रचना सिर्जना गर्न सक्ने जनाइएको छ जुन आधुनिक प्रयोगवादी रचनाहरूमा बढी लागू हुन सक्छ । काव्य-प्रयोजनमा पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम र मोक्ष) का अतिरिक्त यश, व्यवहारिक ज्ञान, कान्तासम्मित उपदेश आदि कुराको प्रतिपादन गरिएको छ ( ( पौडेल, २०५७, पृ. १६५) । साहित्य भावको कलात्मक प्रकटीकरण र विशिष्ट प्रयोग हो ।

साहित्यशास्त्रमा काव्य परिभाषा, काव्य हेतु, शब्दशक्ति, काव्यगुण, काव्यदोष, रस सम्प्रदाय, रसनिष्पत्तिका प्रमुख मान्यता, उत्पत्तिवाद, साधारणीकरण, नवरस, अलङ्कार, रीति, गुण, ध्वनि, वक्रोक्ति सम्प्रदाय र पाश्चात्य वादहरू एवम् समालोचनाजस्ता विषयको अध्ययन गरिन्छ ।

प्रस्तुत लेखको उद्देश्य उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी विश्लेषण गर्नु रहेको छ । उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी विश्लेषण गर्नु यस लेखको प्राज्ञिक समस्या रहेको छ । साहित्यशास्त्रका विषयमा थुप्रै अध्ययन तथा अनुसन्धान भएका छन् । उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान तथा विश्लेषण गरी उपयोगका बारेमा यसलाई स्पष्ट पार्ने अध्ययनको अभाव रहेका परिप्रेक्ष्यमा यस अध्ययनलाई अगाडि बढाइएको छ । यस लेखबाट उच्च तहमा साहित्यशास्त्र शिक्षणका विधिको उपयोगका बारेमा अध्ययन गर्न चाहने अनुसन्धाता, विद्यार्थी तथा जिज्ञासु पाठक लाभान्वित हुने हुँदा यसको उपादेयता स्पष्ट हुन्छ ।

## अध्ययन विधि

प्रस्तुत लेखका लागि रुपन्देही जिल्लामा रहेका पाँचओटा क्याम्पसहरू सहिद नारायण पोखेल बहुमुखी क्याम्पस, पर्रोहा बहुमुखी क्याम्पस, बुटवल बहुमुखी क्याम्पस, सिद्धार्थ बहुमुखी क्याम्पस र भैरहवा बहुमुखी क्याम्पस गरी जम्मा पाँचओटा क्याम्पसमा नेपाली विषय अध्यापन गर्ने दुई दुई जनाका दरले दशजना शिक्षकलाई सहभागी गराइएको छ । नेपाली विषय शिक्षकसँग भेटघाट गरी ब्ली र टेलर (सन् २००२) ले भनेझैँ अन्तरवार्ता गरी तथ्य सङ्कलन गरिएका छन् । उक्त तथ्यहरूलाई गुणात्मक अनुसन्धानको ढाँचाअनुसार उच्च तहमा साहित्यशास्त्र शिक्षणका विधिको उपयोगको व्याख्या तथा विश्लेषण गरिएको छ । यस लेखमा अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिँदै नेपाली विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरिएका छन् । सहभागी शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन, शिक्षक चार गरी क्रमशः शिक्षक दश गरी सङ्केत गरिएको छ । यही सङ्केतका आधारमा साझा धारणा प्रस्तुत गरी आवश्यकताअनुसार व्यक्तिगत धारणा उल्लेख गरिएका छन् । यस लेखमा आवश्यक सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरी सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ । यसबाट निकै थोरै मात्रामा चर्चा गरिएका उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचानसँग सम्बद्ध तथ्य प्राप्त गरिएको छ । यस लेखमा उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी तथ्यपरक विश्लेषण तथा निरूपण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

साहित्यशास्त्रले साहित्यिक कृतिको सूक्ष्म अध्ययन र विश्लेषण गर्दछ । साहित्यशास्त्र शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा साहित्यको विवेचना र विश्लेषणका लागि सुझ तथा अन्तर्दृष्टि पैदा गरी साहित्य लेखनका लागि आवश्यक हुने कलापक्षको बोध गराउनु रहेको हुन्छ । यसबाट पूर्वीय र पाश्चात्य साहित्य समालोचनाका पद्धतिहरू, साहित्यिक मान्यता, विधागत स्वरूप र तत्त्वहरूका बारेमा जानकारी प्राप्त हुन्छ । "रस, भाव, ध्वनि, रीति, वृत्ति, गुण, अलङ्कार, औचित्य, वक्रोक्ति जस्ता दर्जनौं विशेषताद्वारा अनुप्राणित कपिकल्पना प्रस्तुत काव्यको समीचीन रूपमा समीक्षा गर्ने शास्त्र काव्यशास्त्र, लक्ष्यशास्त्र, अलङ्कारशास्त्र, साहित्यशास्त्र नामबाट पनि प्रसिद्ध छ" ( ढकाल, २०६७, पृ. (क) । अङ्ग्रेजी भाषामा प्रयुक्त लिटरेचर (Literature) एउटै शब्दले साहित्यलाई बुझाउँछ । साहित्यशास्त्र र कला दुवै हो । त्यसैले साहित्य वा काव्य शब्द नै बढी प्रचलित पाइन्छ ।

नेपाली बृहत् शब्दकोष, २०७२ अनुसार साहित्य - ना. सं.१. सहित हुनाको भाव, गुण वा अवस्था; साथ रहेको स्थिति । २. कुनै देश वा जातिको व्यावहारिक वा भावनात्मक विषयसम्बन्धी ग्रन्थ, लेख आदि, वाङ्मय । ३. जीवन जगत्सँग सम्बद्ध विविध विषयमा सौन्दर्य, रूप, गुण, भावुकता आदिका दृष्टिले अभिव्यक्त हुने वा रचिने हृदयस्पर्शी लेख, ग्रन्थ आदि । ४. इतिहास, पुराण, पुराकथा वा समाज आदिबाट उपजीव्य वस्तु लिएर रस, छन्द, अलङ्कार आदिले यथासम्भव सजाई रचिएको गद्य वा पद्यकृति; काल्पनिक र भावुकतापूर्ण पद्यमय वा गद्यमय रचना (कविता, खण्डकाव्य, महाकाव्य, नाटक, कथा, उपन्यास आदि) । ५. परस्पर सापेक्ष पदको एउटै क्रियामा हुने अन्वय । ६. गद्य वा पद्य कृतिहरूबाट हुने रसको आस्वाद । कार- ना.साहित्यका ग्रन्थहरू लेख्ने व्यक्ति, गद्य वा पद्य कृतिको रचयिता, कवि वा गद्यकार, लेखक । साहित्यानुरागी - वि. साहित्यमा अनुराग राख्ने, साहित्य प्रेमी ( पृ. १२६९) । नेपाली बृहत् शब्दकोष, २०७२ अनुसार शास्त्र- ना. सं १. सम्बन्धित गहन ज्ञानका साथै सर्व साधारणको कल्याण तथा अनुशासनका नियम विधान लेखिएको वा समष्टि अध्ययनको सञ्चित भण्डार भएको विशेष ग्रन्थ (शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, छन्द, ऋग्वेद, यजुर्वेद, सामवेद, आयुर्वेद, धनुर्वेद, गन्धर्व वेद, अथर्व वेद, मीमांसा, न्याय, धर्मशास्त्र, पुराण र अर्थशास्त्र गरी अठार प्रकारका) । २. कुनै विषयसम्बन्धी आवश्यक तथा गूढ र ज्ञातव्य कुरा क्रमपूर्वक लेखिएको ग्रन्थ; विज्ञान । ३. यथार्थ वा वास्तविक ज्ञान, विद्या; सिद्धान्त ग्रन्थ । - कार - वि. शास्त्र, विशेषत : धर्मशास्त्रको रचना गर्ने । शास्त्रको ज्ञाता; शास्त्र जान्ने । - दर्शी- वि. शास्त्रज्ञ । - विद्- वि. शास्त्रको ज्ञाता; शास्त्रज्ञ । विहित- वि. शास्त्रमा बताइए

अनुसारको; शास्त्र सम्मत । - सङ्गत- वि. शास्त्रमा मिल्ने; शास्त्र सम्मत । सम्मत- वि. शास्त्रको कथन वा नियम विरुद्ध नभएको, शास्त्र विहित । - सिद्ध- वि. १. शास्त्रद्वारा सिद्ध वा प्रमाणित । २. शास्त्र विहित । शास्त्रार्थ- ना. १. शास्त्रको निर्दिष्ट अर्थ वा तात्पर्य । २. शास्त्रसम्बन्धी तथा शास्त्रीय विषयमा गरिने छलफल वा तर्क वितर्क ( पृ. ११८८) । यसरी सृजनात्मक कृति कला हो । त्यस्तो कृतिको शिल्प, तत्त्व र प्रयोजनको विवेचना गर्ने ग्रन्थ कलाशास्त्र हो । त्यसैले काव्य वा साहित्य कला हो र त्यसको सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृति नै साहित्यशास्त्र हो ।

साहित्यका विभिन्न सिद्धान्तहरूको अध्ययन गर्ने शास्त्र साहित्यशास्त्र भएकाले यसबाट रचनालाई विश्लेषणात्मक ढङ्गले हेर्ने, मनन गर्ने र गुणदोष पत्ता लगाउने आधार प्राप्त गर्न सकिन्छ । यसबाट साहित्यिक कृतिलाई स्थापित सिद्धान्तका आधारमा मिले नमिलेको हेर्ने आधारसमेत प्राप्त हुन्छ । संस्कृतमा साहित्यका चारओटा नाम पाइन्छ, वाङ्मय, शास्त्र, काव्य र सााहित्य । अङ्ग्रेजी भाषामा लिटरेचर (Literature) एउटै शब्दले साहित्यलाई बुझाउँछ । साहित्य शास्त्र र कलां दुवै हो तापनि शास्त्रीय रूपमा भन्दा कलात्मक रूपमा नै यो प्रिय हुनाले यसलाई सम्झनासाथ कलाको सम्झना हुन्छ । यस रूपले साहित्य वा 'काव्य शब्द नै बढी चर्चित र प्रचलित भएका छन् (ढुङ्गेल र दाहाल, २०७०, पृ ३) । साहित्यशास्त्रबाट पूर्वीय र पाश्चात्य साहित्य समालोचनाका पद्धतिहरू, मान्यता, विधागत स्वरूप र तिनका तत्त्वका बारेमा जानकारी प्राप्त हुन्छ । “साहित्यशास्त्रबाट विभिन्न प्रकारका पूर्वीय र पाश्चात्य साहित्य समालोचनाका पद्धतिहरू, साहित्यका अनेकानेक मान्यता, विधागत स्वरूप र तिनका तत्त्वका बारेमा जानकारी लिने अवसर प्राप्त हुन्छ” (शर्मा र पौडेल, २०७२, पृ.२३५) । यसले साहित्यिक कृतिको सूक्ष्म अध्ययन र विश्लेषण गर्छ । “साहित्यशास्त्रमा अलङ्कार र छन्दजस्ता विषयवस्तुको अध्ययन हुन्छ । कुनै रचनालाई विवेचनात्मक रूपले हेर्ने, मनन गर्ने, त्यसका गुणदोष पहिल्याउने र त्यसलाई अझ सुन्दर बनाउने आधारहरूको खोजी गरिन्छ” (ढकाल र खतिवडा, २०७५, पृ.१०६) । साहित्यका विविध सिद्धान्तहरूको अध्ययन गर्ने शास्त्रलाई साहित्यशास्त्र भनिन्छ । यसले पूर्वीय तथा पाश्चात्य दृष्टिले साहित्यिक विधाहरूको अध्ययन गर्दछ । साहित्यशास्त्र शिक्षणको मुख्य उद्देश्य साहित्य विवेचना र विश्लेषणका लागि अन्तर्दृष्टि उत्पन्न गराउनु हो (पन्थ, २०७८) । यसरी साहित्यशास्त्रले साहित्यिक कृतिको सूक्ष्म अध्ययन तथा विश्लेषण गर्दछ । यसमा अलङ्कार र छन्दजस्ता विषयवस्तुको अध्ययन हुन्छ । कुनै रचनालाई विवेचनात्मक रूपले हेर्ने, मनन गर्ने, त्यसका गुणदोष पहिल्याउने र त्यसलाई अझ सुन्दर बनाउने आधारहरूको खोजीसमेत गरिन्छ ।

प्रस्तुत लेख साहित्यशास्त्र सिद्धान्तको मान्यतामा आबद्ध भएर तयार गरिएको छ। साहित्यशास्त्र साहित्य सम्प्रदायको पनि महत्त्वपूर्ण मान्यता हो। यस लेखको उद्देश्य उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी तथ्यपरक विश्लेषण गर्नु रहेको छ। यसरी उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी तथ्यपरक विश्लेषण गर्ने मुख्य शोधसमस्यामा आधारित यो लेख उक्त प्राज्ञिक समस्याको समाधान खोज्नमा केन्द्रित छ।

## छलफल तथा परिणाम

प्रस्तुत लेखमा उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी तथ्यपरक अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ :

**साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभवको विश्लेषण :** साहित्यशास्त्र शिक्षणमा साहित्यिक कृतिको सूक्ष्म अध्ययन विश्लेषण गरिन्छ। साहित्यशास्त्र शिक्षणको प्रयोजन साहित्यिक कृतिको अध्ययनबाट रसास्वादन गराउनु, साहित्यको विवेचना र विश्लेषण गर्ने क्षमताको विकास गराउनु, पूर्वीय र पाश्चात्य समालोचना पद्धतिसँग परिचित गराउनु, अन्तर्निहित विश्लेषण शक्तिको सम्बर्द्धन गराउनु, विवेचनात्मक लेखनको विकास गराउनु, साहित्य विवेचना र विश्लेषणमा सुझ अन्तर्दृष्टि दिएर साहित्य लेखनकलाको जानकारी गराउनु, छन्द, अलङ्कार, प्रतीक, रस, गुणजस्ता साहित्यिक तत्त्वको पहिचान गरी भाषालाई सन्दर्भ अनुकूल प्रयोग गर्ने क्षमताको विकास गराउनु हो। उच्च तहमा साहित्यशास्त्र शिक्षणमा विभिन्न विधि र प्रक्रियाहरू अपनाउन सकिन्छ। यसक्रममा यही विधि नै प्रयोग गर्नुपर्छ भन्ने अनिवार्य छैन। यहाँ उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभवको पहिचान गरी विश्लेषण गरिएको छ।

शिक्षक एकका अनुसार उच्च तहमा साहित्यशास्त्र शिक्षणमा आफूले साहित्यशास्त्रसँग सम्बन्धित विषयवस्तुको परिस्थितिअनुरूप हाउभाउ र अभिनयद्वारा प्रभावपूर्ण ढङ्गले विषय वा प्रसङ्गलाई प्रस्तुतीकरण गर्ने गरिएको छ। शिक्षक दुईका अनुसार साहित्यको अध्ययन गरी रसास्वादन गराउने, शब्दशक्तिको पहिचान गर्न लगाउने, साहित्य तत्त्वका सम्बन्धमा परिचित गराउने, पूर्वीय तथा पाश्चात्य साहित्य शिक्षणबारे परिचित गराउने र साहित्यिक रचनाका सुन्दर पक्ष पहिचान गरी आनन्दानुभूति गराउँदै शिक्षण गर्ने र अर्न्तनिहित क्षमताको विकास गराउने क्रियाकलाप सञ्चालन गर्ने गरिएको छ। शिक्षक तीनका अनुसार विश्लेषण गर्ने क्षमता उजागर गराएको, साहित्यको विवेचना गर्ने गराएको, पूर्वीय र पाश्चात्य समालोचना पद्धतिसँग परिचित गराएको, विश्लेषण शक्तिको सम्बर्द्धन गर्न मदत गरेको, विवेचनात्मक लेखनका प्रवृत्तिलाई विकसित गराएको, साहित्य विवेचना र साहित्य लेखन कलाको जानकारी गराउँदै कक्षाको अनुकुलताका

आधारमा शिक्षणक्रम परिवर्तन गर्ने गरिएको छ । शिक्षक चारका अनुसार साहित्यिक रचनामा प्रस्तुत भएका तथ्यहरूको जानाकारीसहित रचनामा प्रस्तुत भएका भाव र विचारहरूको पहिचान गरी तिनको उपयोगितासहित छन्द, अलङ्कार, प्रतीक, रस तथा गुणजस्ता साहित्यिक तत्त्वको पहिचान गरी भाषालाई सन्दर्भअनुकूल कक्षाको अनुकुलताका आधारमा शिक्षणक्रम परिवर्तन गर्ने गरिएको छ । शिक्षक पाँचका अनुसार कक्षाको परिस्थिति र विद्यार्थीको स्तरलाई दृष्टिगत गरी एक वा एकभन्दा बढी शिक्षण विधिहरू अँगाल्ने गरेको र यसक्रममा व्याख्यान, छलफल, प्रश्नोत्तर र प्रदर्शनलगायतका विधिलाई आवश्यकताअनुसार प्रयोग गर्ने गरिएको छ ।

शिक्षक छका अनुसार शिक्षणमा मौखिक र श्रव्यदृश्य सामग्रीको उपयोग गरेको, नमुनापठन, सस्वरपठन, व्याख्यात्मक, तुलनात्मक विधि एवम् समीक्षात्मक विधिद्वारा कार्यकलाप गर्ने गरिएको छ । शिक्षक सातका अनुसार सस्वरवाचन, भावपहिचान, प्रश्नोत्तर, सारांश र भावविस्तारसँग सम्बन्धित कार्यकलापहरू गराइएको छ । शिक्षक आठका अनुसार आवश्यकता हेरी विद्यार्थीहरूलाई साहित्यशास्त्रका पाठ्यविषयको अनुकरणात्मक र सिर्जनात्मक लेखनतर्फ प्रवृत्त गराइएको छ । शिक्षक नौका अनुसार शिक्षण गर्दा शब्दार्थ र वाक्यमा प्रयोग, संरचनाबोध, भावबोध र व्याख्याजस्ता क्रियाकलाप गराइएको छ । शिक्षक दशका अनुसार पूर्व तयारी, पठन वा श्रवण र पठनपश्चात्का चरणमा वर्गीकरण गरी पठन पृष्ठभूमि, उद्देश्य निर्धारण, प्रश्नको सूची, प्रश्नोत्तर, भावबोधजस्ता क्रियाकलाप गराइएको छ ।

यसरी समग्र शिक्षकका साझा धारणाका आधारमा साहित्यशास्त्र शिक्षणबाट विद्यार्थीलाई साहित्यिक कृतिको गहिरो विश्लेषण र आलोचना गर्न तथा पाठको भाषाशैली र संरचनालाई बुझ्न मदत मिलेको छ । अनुसन्धान र प्रस्तुति कौशलको विकास गर्न मदत मिलेको छ । यसबाट साहित्यिक सिद्धान्तसँग सम्बन्धित विशेषज्ञसँग अन्तर्वार्ता वा विद्यार्थीबीच बहस गराउनाले विश्लेषण र तार्किक विचार प्रस्तुत गर्न प्रेरणा प्राप्त भएको छ । अनलाइन स्रोतहरू, विद्युतीय पुस्तकहरू र डिजिटल उपकरणहरूको प्रयोग गरेर विद्यार्थीहरूलाई साहित्यिक सिद्धान्तहरूको अध्ययन गर्न प्रेरित गरी शिक्षण प्रक्रियालाई प्रविधिमैत्री बनाउन सहयोग मिलेको छ । शिक्षकका धारणाको निष्कर्षअनुसार स्वतन्त्र अध्ययन वा वाचन, सस्वरवाचन तथा मौन वाचनजस्ता क्रियाकलापबाट शिक्षणलाई प्रभावकारी बनाउने गरेको पाइन्छ । यसका लागि अनुकरणात्मक लेखन तथा सिर्जनात्मक अभ्यास सकेत गराउने गरिएको छ । महत्त्वपूर्ण हरफहरूको प्रसङ्गसहित लिखित रूपमा तत्काल व्याख्या गर्न लगाई कक्षा शिक्षणलाई उपयोगी बनाउने गरिएको छ ।

**साहित्यशास्त्र शिक्षणका विधिप्रति शिक्षकका अनुभवको विश्लेषण :** साहित्यशास्त्र शिक्षणका विधि, प्रक्रिया र क्रमका रूपमा प्रस्तावना वा परिचय, शब्दभण्डारसम्बन्धी कठिनाइ निवारण, भावबोध वा आशय टिपोट, बोधप्रश्नोत्तर, भावार्थसम्बन्धी अभ्यास, व्याख्या, बुँदाटिपोट, मूल्याङ्कन र पुनरावृत्तिजस्ता शिक्षण क्रमका आधारमा साहित्यशास्त्र शिक्षणलाई प्रभावकारी बनाउने गरिएको छ। अध्ययनमा आधारित वृत्तचित्र र चलचित्रको अवलोकन गराउनाले उनीहरूलाई दृश्यश्रव्य माध्यमको प्रयोगबाट सिद्धान्तहरूको गहिरो ज्ञान दिलाउन सकिएको छ। साहित्यिक कृतिहरूको विश्लेषण गर्न प्रेरित गर्नाले समूहिक कार्य र सामूहिक कार्यको महत्त्व बुझ्ने अवसर मिलेको छ। यसबाट साहित्यिक सिद्धान्तको प्रयोग गरेर साहित्यिक कृतिको आलोचना लेख्न सक्ने भएका छन्। यसले आफ्ना विचारहरूलाई स्पष्ट रूपमा व्यक्त गर्न र विश्लेषणात्मक क्षमताको विकास गर्न मदत मिलेको छ। साहित्यिक सिद्धान्तहरूको अध्ययन र तिनको प्रयोगका सन्दर्भमा विचार-विमर्श गर्ने मौका प्राप्त गरेका छन्। साहित्यिक सिद्धान्तसँग सम्बन्धित विशेषज्ञसँग अन्तर्वार्ता वा विद्यार्थीबीच बहस गराउनाले गहिरो विश्लेषण र तार्किक विचार प्रस्तुत गर्न प्रेरणा दिन सकिएको छ। अनलाइन स्रोतहरू, विद्युतीय पुस्तकहरू र डिजिटल उपकरणहरूको प्रयोग गरेर विद्यार्थीहरूलाई साहित्यिक सिद्धान्तहरूको अध्ययन गर्न प्रेरित गरिएको छ। यसबाट शिक्षण प्रक्रियालाई प्रविधिमैत्री बनाउन सहयोग मिलेको छ। यसबाट आलोचनात्मक दृष्टिकोण, सिर्जनात्मक र विश्लेषणात्मक क्षमताको विकास गराउन सहज भएको छ। यसबाट भाषिक सिप, शब्दभण्डार, सिर्जनात्मक प्रवृत्ति तथा कल्पनाशक्तिको विकासका निम्ति मदत मिलेको छ। कक्षाको परिस्थिति, पाठको गहनता तथा विद्यार्थीका स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि र प्रक्रिया अँगाल्ने गरिएको छ। यहाँ शिक्षकका धारणाअनुसार उच्च तहमा साहित्यशास्त्र शिक्षणका विधिको उपयोगसम्बन्धी शिक्षकका अनुभवको विश्लेषण छ।

उच्च तहमा साहित्यशास्त्रका विविध विषयवस्तुको सैद्धान्तिक पक्षको चर्चा गरी कृतिगत उदाहरण प्रस्तुत गरी शिक्षण गरिने विधि निगमन विधि हो। शिक्षक एकका अनुसार उच्च तहमा सिद्धान्तको परिचय र परिभाषा, त्यसका विशेषता, सवल तथा दुर्वल पक्षहरूको चर्चा गरी पुष्ट्याइँका लागि विभिन्न उदाहरणको प्रयोग गर्ने गरिएको छ। शिक्षक दुईका अनुसार साहित्यशास्त्रका विविध विषयवस्तुको सैद्धान्तिक पक्षको चर्चापरिचर्चा गरी कृतिगत उदाहरण प्रस्तुत गरी शिक्षण गरिएको छ। पहिले सम्बन्धित सिद्धान्तको परिचय, परिभाषा, विशेषताहरूको सैद्धान्तिक परिचय गराइएको र त्यसलाई पुष्टि गर्न उदाहरणहरू दिने गरिएको छ। शिक्षक तीनका अनुसार यसमा सिद्धान्तको परिचय, परिभाषा, विशेषताको सैद्धान्तिक परिचय र उदाहरण प्रस्तुत गर्ने

गरिएको छ । यसरी साहित्यशास्त्रका विविध विषयवस्तुको सैद्धान्तिक पक्षको चर्चा गरी कृतिगत उदाहरणसहित शिक्षण गर्ने गरिएको छ । यसमा सिद्धान्तको परिचय, परिभाषा, विशेषता, सवल तथा दुर्वल पक्षहरूको चर्चा गरी पुष्ट्याइँका लागि विभिन्न उदाहरणसमेत प्रस्तुत गर्ने गरिएको निचोड निकालिएको छ ।

आगमन विधि उदाहरण र प्रयोगका आधारमा छलफल तथा प्रश्नोत्तरका माध्यमबाट निष्कर्षमा पुग्न सकिने विधि हो । शिक्षकका अनुसार उच्च तहमा खास सिद्धान्तमा आधारित उदाहरण दिई त्यसको पहिचान गराउने, विशेषता पहिल्याउन लगाउने र कमीकमजोरी ठम्याउन लगाउने गरिएको छ । शिक्षणका क्रममा विद्यार्थीलाई सान्दर्भिक उदाहरण दिन लगाई तिनका आधारमा उक्त सिद्धान्तका विविध पक्षहरूको पुष्ट्याइँ गर्ने गरिएको छ । शिक्षकका अनुसार उदाहरण र प्रयोगका आधारमा छलफल र प्रश्नोत्तर गरी निष्कर्षमा पुगिएको छ । साहित्यशास्त्र शिक्षणका क्रममा विभिन्न उदाहरणका माध्यमबाट साहित्यशास्त्रका सिद्धान्ततर्फ जाने प्रक्रिया अपनाउने गरिएको छ । उदाहरण र प्रयोगका आधारमा छलफल तथा प्रश्नोत्तरका माध्यमबाट निष्कर्षमा पुग्ने गरिएको छ । साहित्यशास्त्रका विविध उदाहरण दिई त्यसको पहिचानसहित कमीकमजोरीसमेत पत्ता लगाउन सकिने निचोड रहेको छ ।

पहिचान तथा प्रयोग विधिमा साहित्यिक कृतिमा भएका साहित्यतत्त्व, वाद तथा प्रणालीलगायतको पहिचान गराएर समालोचनात्मक पक्षसँग परिचित गराउने गरिएको छ । कुनै कृतिको अध्ययन गरी त्यसमा प्रयोग भएका साहित्यिक सिद्धान्त, तत्त्व, वाद वा प्रणालीको पहिचान गर्न लगाई शिक्षण गर्ने गरिएको छ । त्यस्तै कृतिगत अध्ययन गरी साहित्यिक तत्त्वको खोजबिन गर्न र सिद्धान्तका आधारमा कृतिविश्लेषण गर्न लगाई शिक्षण गर्ने गरिएको छ ।  साहित्यिक कृतिमा प्रयोग भएका साहित्य तत्त्व, वाद, प्रणालीको पहिचान गराई ती समालोचकीय पक्षसँग परिचित गराउने गरिएको छ । साहित्य सिद्धान्त, वाद र प्रणालीहरू, अलङ्कार, रस, रीति, बक्रोक्ति तथा छन्दलगायतका विषयमा पहिचान र प्रयोग विधि अपनाउने  गरिएको छ । कृतिको अध्ययन गरी साहित्यतत्त्व र साहित्य सिद्धान्तको खोजी गर्न लगाउने गरिएको छ । यसरी पहिचान तथा प्रयोगसहित साहित्यिक कृतिमा भएका साहित्यतत्त्व, वाद र प्रणालीलगायतको पहिचान गराएर समालोचनात्मक पक्षसँग परिचित गराउन सकिने यस विधिको निचोड रहेको छ ।

तुलना विधिमा एउटा साहित्यतत्त्व र साहित्य सिद्धान्तसँग अर्को साहित्यतत्त्व र साहित्य सिद्धान्तको तुलना गराउने गरिएको छ । यसमा सम्बन्धित पक्षको समान र असमान पक्षका आधारमा तुलना गर्न लगाउने गरिएको छ । पूर्वीय साहित्य सिद्धान्तको रीतिवाद र पाश्चात्य

साहित्य सिद्धान्तको शैलीविज्ञान, अस्तित्ववाद र विसङ्गतिवाद, रस निष्पत्ति र विरेचन प्रक्रियासँग परिचित गराउने गरिएको छ । एउटा साहित्य तत्त्व र साहित्य सिद्धान्तसँग अर्को साहित्य तत्त्व र साहित्य सिद्धान्तको तुलना गरी शिक्षण गर्ने गरिएको छ । साहित्य तत्त्व र सिद्धान्तहरूको पूर्वीय र पाश्चात्य सन्दर्भको तुलनाबाट शिक्षण सिकाइ सहज बन्न पुगेको निचोड निकालिएको छ ।

यसरी माथि उल्लेख गरिएका विधि र प्रकियाका आधारमा साहित्यशास्त्र शिक्षणमा विभिन्न विधि अपनाउन सकिन्छ । व्याख्यान विधिबाट साहित्यिक व्यक्तित्त्वहरूको जीवन, रचना र योगदानको विस्तृत विवरण प्रस्तुत गर्न सहज भएको छ । शिक्षकलाई विस्तृत तथ्याङ्क, घटना र ऐतिहासिक पृष्ठभूमि प्रदान गर्न मदत गरेको छ । विद्यार्थीलाई साहित्यिक रचना, पुस्तक र लेखको अनुसन्धान गर्न प्रेरित गरी खोजपूर्ण विचारको विकास गर्न मदत मिलेको छ । यसबाट साहित्यिक रचनाको समीक्षा र आलोचना गर्ने मौका प्राप्त भएको छ । आफ्ना विचार प्रस्तुत गर्न र आलोचनात्मक दृष्टिकोणको विकास गर्न सहयोग पुऱ्याउँछ । साहित्यिक सभा र सिम्पोजियमहरूमा सहभागिता गराउनाले उनीहरू साहित्यिक व्यक्तित्त्वका जीवन र कार्यबारे अन्तरकिया गर्न पाएका छन् । यसले गर्दा सिर्जनशीलता र लेखन कौशलको विकासमा मदत मिलेको छ । साहित्यिक व्यक्तित्त्वहरूको जीवनसँग सम्बन्धित स्थानको भ्रमण गराउनाले विद्यार्थीलाई प्रत्यक्ष अनुभव प्रदान गर्न सहज भएको छ । साहित्यिक व्यक्तित्त्वसँग प्रत्यक्ष वा अप्रत्यक्ष साक्षात्कार गर्न प्रेरित गर्नाले उनीहरूका जीवन र कार्यको गहिरो ज्ञान दिन मदत मिलेको छ । अनलाइनका स्रोतहरू, वृत्तचित्रहरू र इपुस्तकहरूको प्रयोग गरेर पनि साहित्यिक व्यक्तित्वका बारेमा जानकारीसहित शिक्षणप्रक्रियालाई प्रविधिमैत्री बनाउन मदत मिलेको छ ।

## निष्कर्ष

काव्य वा साहित्य कला हो । यसका सम्बन्धमा सूक्ष्म विचार गर्ने समीक्षणात्मक कृति साहित्यशास्त्र हो । पूर्वीय साहित्यमा *काव्य* भन्नेको साहित्य भनेर बुझिने बृहत् अर्थमा *काव्य* शब्दको प्रयोग भएको पाइन्छ । यसको प्रयोजन सिर्जनात्मक तथा साहित्यिक लेखनकै परिभाषा, कारक वा हेतु र उद्देश्य रहेको छ । साहित्यशास्त्रमा पूर्वीय र पाश्चात्य साहित्य समालोचनाका पद्धतिहरू, साहित्यिक मान्यता, विधागत स्वरूप र तिनका तत्त्वका बारेमा जानकारीसहित साहित्यिक कृतिको सूक्ष्म विश्लेषण गरिन्छ । साहित्यशास्त्र शिक्षणका थुप्रै विधि विकसित भएका छन् । उक्त विधिमध्ये व्याख्या, तुलना, पहिचान तथा प्रयोग तथा समीक्षा विधिलगायतलाई आवश्यकता र विद्यार्थीको स्तरअनुसार उपयोगमा ल्याउन सकिन्छ । प्रस्तावना वा परिचय, शब्दभण्डारसम्बन्धी कठिनाइ निवारण, भावबोध वा आशय टिपोट, बोधप्रश्नोत्तर, भावार्थसम्बन्धी अभ्यास, व्याख्या, बुँदाटिपोट,

मूल्याङ्कन र पुनरावृत्तिजस्ता शिक्षण क्रमका आधारमा शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ। विद्यार्थीहरूलाई समूह परियोजनाहरूमा संलग्न गराउनाले उनीहरूले साहित्यिक व्यक्तित्त्वका जीवन तथा कार्यको अध्ययन र विश्लेषण गर्ने मौका प्राप्त गर्दछन्। साहित्यिक संगोष्ठी आयोजना गरी विद्यार्थीले साहित्यिक आलोचनासम्बन्धी अनुसन्धानपत्र प्रस्तुत गरी छलफल गर्ने मौका प्राप्त गर्दछन्। यसले उनीहरूको अनुसन्धान क्षमता र प्रस्तुति कौशलको विकासमा मदत मिलेको छ। यसबाट आलोचनात्मक दृष्टिकोण र विश्लेषणात्मक क्षमताको विकास गर्न मदत मिलेको छ।

साहित्यिक कृतिहरूबाट उदाहरण दिन र तिनको विश्लेषण गर्न सहज भएको छ। विद्यार्थीहरूलाई आफ्ना रचनाहरू लेख्न प्रेरित गरी सिर्जनात्मक क्षमताको विकास गराउन मदत मिलेको छ। साहित्यशास्त्र शिक्षणबाट सिर्जनात्मक तथा भाषिक सिपको विकास गराउन सकिने भएकाले शब्दभण्डारको विकास, सिर्जनात्मक प्रवृत्ति तथा कल्पनाशक्तिको विकासका निम्ति सहयोग पुग्दछ। यस लेखमा  शिक्षणका क्रममा कक्षाको परिस्थिति, पाठको गहनता तथा विद्यार्थीका स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि अँगाल्न सकिने निचोड निकालिएको छ। प्रस्तुत अध्ययन साहित्यशास्त्र शिक्षणका विधि र प्रकियाका क्षेत्रमा गहन अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ता, पाठ्यांश निर्माण तथा परिमार्जनका सन्दर्भमा समेत उपयोगी हुने छ। यस अध्ययनले निर्दिष्ट साहित्यशास्त्रका पाठहरूको शिक्षण तथा मूल्याङ्कन गर्न सकिने आधार प्रदान गरेको छ। यस लेखमा साहित्यशास्त्र शिक्षणका क्रममा कक्षाको परिस्थिति, साहित्यशास्त्रको गहनता तथा विद्यार्थीका स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि अँगाल्न सकिने निचोड निकालिएको छ।

**कृतज्ञताज्ञापन**

प्रस्तुत लेख तयारीका कममा प्रत्यक्ष रूपमा सहयोग प्राप्त भएका छन्। यसक्रममा विद्वान्हरूका सैद्धान्तिक लेखरचना तथा कृतिहरूको पनि उपयोग गरिएको छ। त्यसैले उक्त कृतिका लेखकप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु। यस लेखको आवश्यक परिमार्जनका लागि गहन सुझाव उपलब्ध गराउनु भएका विषयविज्ञहरूप्रति आभार प्रकट गर्दछु। यस लेखमा निर्दिष्ट क्याम्पसका नेपाली विषय शिक्षकका धारणाका आधारमा उच्च तहमा साहित्यशास्त्र शिक्षणप्रति शिक्षकका अनुभवको विश्लेषण गरिएकाले उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६५). *नेपाली भाषा शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६५). *प्रारम्भिक नेपाली शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद ( २०६७). *पूर्वीय साहित्य सिद्धान्त* (पाँचौं संस्क.) साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति.* पैरवी प्रकाशन ।

ढकाल, वेणीमाधव (२०६७). *काव्यदीपिका.* विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा (२०७५). *भाषिक विधाशिक्षण.* पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद ( २०७०). *शाहित्यशास्त्र, नेपाली समालोचना र शोधविधि.* एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पन्थ, नारायणप्रसाद (२०७८). *नेपाली भाषाशिक्षण.* बुटवल एजुकेसन फाउन्डेसन युनेस्को केन्द्र ।

पन्थ, नारायणप्रसाद (२०७८). *भाषिक विधाशिक्षण.* बुटवल एजुकेसन फाउन्डेसन युनेस्को केन्द्र ।

पौडेल, माधवप्रसाद (२०७०). *नेपाली भाषाशिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, विष्णुप्रसाद (२०५७). *संस्कृत काव्यशास्त्र.* भुँडीपुराण प्रकाशन ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६९) *साहित्यशास्त्र र नेपाली समालोचना.* विद्यार्थी पुस्तक भण्डार ।

ब्ली / Blee, K. M. & Taylor, V. (2002). Seme structured interviewing in social movement research. *In:* Bert klandermans and Suzanne straggenborge (eds.). *Methods of social movement research*. Minnacapolis : University Minnacsota Press, pp. 92 - 117.

पोखरेल, बालकृष्ण र अन्य. ( सम्पा.) *नेपाली बृहत् शब्दकोश* ( २०७२). ( नवौं संस्क.). नेपाल प्रज्ञाप्रतिष्ठान ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७२). *नेपाली भाषा र साहित्य शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।